# निक्षेप संकलन उपकरणसम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना**

वित्तीय बजारमा असाधारण प्रकृतिको अधिक तरलताको स्थिति देखिएमा सोको व्यवस्थापन गरी बजार ब्याजदरलाई व्यवस्थित गर्न नेपाल राष्ट्र बैंकले प्रचलित ऐन, नियम तथा आफ्ना नीति निर्देशनको परिधिभित्र रही आवश्यकताअनुसार कुनै पनि दिन आकस्मिक खुला बजार कारोबार संचालन गरी निक्षेप संकलन उपकरण प्रयोग गर्न आवश्यक देखिएकोले नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१ को विनियम २३ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम "निक्षेप संकलन उपकरणसम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(ख) यो कार्यविधि गभर्नरबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।*

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ख) "गभर्नर" भन्नाले नेपाल राष्ट्र बैंकको गभर्नर सम्झनु पर्छ ।

(ग) "विभाग" भन्नाले नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले नेपाल राष्ट्र बैंक, खुला बजार कारोबार विनियमावली, २०७१ को विनियम ३ बमोजिम गठन भएको खुला बजार कारोबार संचालन समिति सम्झनु पर्छ ।

(ङ) "निक्षेप संकलन उपकरण" भन्नाले वित्तीय बजारमा अधिक तरलताको स्थितिमा सोको व्यवस्थापन गरी बजार ब्याजदरलाई व्यवस्थित गर्न आवश्यकता अनुसार बैंकले आफ्ना काउण्टरपार्टीहरूबाट संकलन गरिने निक्षेप उपकरण सम्झनु पर्छ ।

---

* श्रीमान् गभर्नरज्यूबाट मिति २०७७/११/०६ मा स्वीकृत भई लागू गरिएको

(च) "काउण्टरपार्टी" भन्नाले बैंकले मौद्रिक नीतिसम्बन्धी प्रतिवेदनमार्फत् काउण्टरपार्टी भनी तोकिदिएका इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ।

## परिच्छेद-२

## निक्षेप संकलन उपकरणसम्बन्धी व्यवस्था

### ३. निक्षेप संकलन उपकरण

(क) वित्तीय बजारमा असाधारण प्रकृतिको अधिक तरलताको स्थिति देखिएमा सोको व्यवस्थापन गरी बजार ब्याजदरलाई व्यवस्थित गर्न समितिले आवश्यकताअनुसार कुनै पनि दिन बढीमा छ महिना सम्मका लागि आकस्मिक खुला बजार कारोबारअन्तर्गत निक्षेप संकलन उपकरण प्रयोग गर्न सक्नेछ।

(ख) निक्षेप संकलन गरिने कुल रकम समितिले निर्धारण गरेबमोजिम हुनेछ।

(ग) निक्षेप संकलन गरिने रकम आव्हानको सूचना बैंकको वेवसाईट मार्फत दिइनेछ।

(घ) निक्षेप संकलनको बोलकबोल बहुब्याजदर प्रणालीमा गरिनेछ।

(ङ) निक्षेप संकलन उपकरण प्रयोग गर्दा काउण्टरपार्टीहरूका कुल स्वदेशी निक्षेप दायित्वको बढीमा दुई प्रतिशतको सीमाभित्र रही गर्नुपर्नेछ।

## परिच्छेद-३

## निक्षेप संकलन उपकरणको बोलकबोलसम्बन्धी व्यवस्था

### ४. निक्षेप संकलन उपकरण उपयोग गर्न बोलकबोलमा भाग लिनुपर्ने

(क) निक्षेप संकलन बोलकबोलमा मौद्रिक नीतिमा व्यवस्था भए बमोजिमका काउण्टरपार्टीहरूले मात्र सहभागी हुन पाउने छन्।

(ख) निक्षेप संकलन बोलकबोलमा सहभागी हुने काउण्टरपार्टीहरूले बैंकले तोकेबमोजिमको बोलकबोल पत्र तोकिएको समयसीमाभित्र पेश गर्नुपर्नेछ। बोलकबोल फारामको नमूना अनुसूची १ मा उल्लेख भएबमोजिम हुनेछ।

साथै, बैंकले आव्हान गरेको सूचनाको आधारमा काउण्टरपार्टीहरूले तोकिएको प्रकियाअनुसार प्रचलनमा रहेको Online माध्यम (Online Bidding Software System) मार्फत् समेत बोलकबोल गर्न सक्नेछन्।

(ग) निक्षेप संकलन उपकरणको न्यूनतम बोल मूल्य रु.५ करोड र रु.५ करोडले भाग गर्दा निःशेष भाग जाने अंकमा अधिकतम आव्हान गरिएको रकमसम्म बोल गर्न सकिनेछ।

(घ) काउण्टरपार्टीहरूले बोल फाराममा आफूले निक्षेपवापत जम्मा गर्न चाहेको रकम र ब्याजदर (दशमलव पछिको हकमा चार अंकसम्म) उल्लेख गर्नु पर्नेछ।

(ङ) निक्षेप संकलन उपकरण संचालन गर्दा धितोको रूपमा सुरक्षण पत्रको उपयोग गरिने छैन।

## परिच्छेद-४

## निक्षेप संकलन उपकरणको बाँडफाँडसम्बन्धी व्यवस्था

### ५. निक्षेप संकलन उपकरणको बाँडफाँड

(क) निक्षेप संकलनको लागि आव्हान गरिएको रकम बाँडफाँड गर्दा बोल बमोजिमको ब्याजदर अनुसार सबभन्दा कम बोल गर्ने काउण्टरपार्टीलाई प्राथमिकता क्रममा राखी आव्हान गरेको रकमसम्म क्रमश: बाँडफाँड गरिनेछ ।

(ख) समान ब्याजदर उल्लेख भएका बोलपत्रहरूको रकम समावेश गर्दा कुल निष्काशित रकमभन्दा बढी भएमा Pro-rata Basis मा बाँडफाँड गरिनेछ ।

(ग) समितिले Cut-off Rate निर्धारण गर्न सक्नेछ र सोभन्दा बढी ब्याजदरको निक्षेप स्वीकार गर्ने वा नगर्ने अधिकार समितिसँग सुरक्षित रहनेछ ।

(घ) आव्हान गरिएको बोल रकममध्ये सम्पूर्ण वा आंशिक बोल स्वीकार वा अस्वीकार गर्ने अधिकार समितिलाई रहनेछ ।

(ङ) स्वीकृत बोलपत्रअनुसारको रकम संकलन गरिएका काउण्टरपार्टीहरूलाई विभागले अनुसूची-२ बमोजिमको निस्सा (प्रमाण-पत्र) प्रदान गर्नेछ ।

## परिच्छेद-५

## निक्षेप संकलन उपकरणको हिसाब मिलानसम्बन्धी व्यवस्था

### ६. निक्षेप संकलन उपकरणको रकम जम्मा तथा भुक्तानी

(क) स्वीकृत भएका बोलपत्र वापतको रकम बैंकले सम्बन्धित काउण्टरपार्टीको यस बैंकमा रहेको खाता खर्च गरी लिनेछ र बैंकमा संकलित निक्षेपको अलग्गै खाता खोली जम्मा गर्नेछ ।

(ख) बोलपत्र स्वीकृत भएका काउण्टरपार्टीको खातामा सो उपकरण निष्काशन गरिने दिनमा मौज्दात पर्याप्त नभएमा त्यस्ता काउण्टरपार्टीलाई कालोसूचीमा राखी पछिल्ला बोलकबोलमा सहभागी हुन बन्देज लगाइनेछ ।

(ग) संकलित निक्षेपको भुक्तानी अवधि समाप्त भए पछि बैंकले निर्धारित ब्याजसहित निक्षेप रकम सम्बन्धित बैंकको खातामा जम्मा गरी दिनेछ ।

(घ) निक्षेप संकलन गरिएको रकम सम्बन्धित काउण्टरपार्टीको लगानी Portfolio हुने भएकोले सो रकमलाई अनिवार्य नगद मौज्दात (CRR) मा गणना गर्न पाइने छैन । तर, यस बैंकको निर्देशनबमोजिम कायम राख्नु पर्ने SLR तथा Liquidity Ratio मा उक्त रकम गणना गर्न सकिनेछ ।

(ङ) संकलित निक्षेप रकम भुक्तानी मिति अगावै सम्बन्धित काउण्टरपार्टीलाई फिर्ता दिइने छैन ।

## परिच्छेद-६

## विविध

**७. अन्य व्यवस्था**

(क) ब्याजदर करिडोरअन्तर्गत तरलता प्रशोचन गर्नका लागि गरिने निक्षेप संकलन उपकरण प्रचलित ब्याजदर करिडोरसम्बन्धी कार्यविधि तथा तत्कालीन मौद्रिक नीतिले निर्देशन गरेबमोजिम हुनेछ ।

(ख) निक्षेप संकलन उपकरणका प्रक्रियाहरू रिभर्स रिपो कै मोडेलमा हुने छन् ।

(ग) निक्षेप संकलनसम्बन्धी अन्य व्यवस्था तथा शर्तहरू बैंकले समय-समयमा तोकेबमोजिम हुनेछ ।

(घ) यस कार्यविधिमा कुनै द्विविधा उत्पन्न भएमा समितिले व्याख्या वा निर्णय गरेबमोजिम हुनेछ ।

(ङ) प्रचलित निक्षेप संकलन उपकरणसम्बन्धी कार्यविधि खारेज गरी सोबमोजिम भए गरेका सबै कामकारबाही यसै कार्यबिधिबमोजिम भएको मानिनेछ ।

**अनुसूची-१**

# नेपाल राष्ट्र बैंक
## निक्षेप संकलन बोलकबोल
## बोलपत्र फाराम

निक्षेप संकलन गरिने मितिः ...................... भुक्तानी मितिः ........................... दिनः ........

निक्षेप संकलनका लागि आव्हान गरिएको कुल रकमः .................................

**नेपाल राष्ट्र बैंक,**
राष्ट्र ऋण व्यवस्थापन विभाग, कोड नं. ......................
काठमाडौं ।

त्यस विभागले मिति ................................ मा निक्षेप संकलन गर्न बोलपत्र आव्हान गरेकोमा निम्नानुसारको ब्याजदरको आधारमा निक्षेप (Deposit) स्वीकार गरिदिनु हुन अनुरोध गर्दछौं ।

| सि.नं. | बोल रकम | ब्याजदर | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अंकमा | | | | | | | अक्षरमा |
| | | | | . | | | | | |
| | | | | . | | | | | |
| | | | | . | | | | | |
| | | | | . | | | | | |
| | | | | . | | | | | |
| | | | | . | | | | | |
| | | | | . | | | | | |
| जम्मा बोल रकम अंकमाः | | | | | | | | | |
| अक्षरमाः | | | | | | | | | |

उपरोक्त ब्याजदरको आधारमा निक्षेप संकलनको बोलपत्र स्वीकृत भएमा उपरोक्त रकम नेपाल राष्ट्र बैंक, ..............कार्यालयमा रहेको यस बैंकको खाता नं. ................................बाट हिसाब मिलान गर्नुहुन अनुरोध छ । निक्षेप संकलन फछ्र्यौट हुने दिनमा निक्षेप रकम र सोको ब्याज वापतको रकम सोही खातामा जम्मा गरी दिनुहुन पनि अनुरोध छ । साथै, बोलपत्र स्वीकृत भए पछि आवश्यक्तानुसार उपरोक्त खातामा पर्याप्त रकम नरहेमा स्वीकृत बोल रकमको २.५० प्रतिशतले हुन आउने हर्जाना वापतको रकम सोही खाताबाट कट्टा गरी असुल उपर गर्नुहुन समेत अनुरोध गर्दछौं ।

बोलपत्र पेश गर्ने संस्थाको नाम :

ठेगानाः                    छापः

अधिकार प्राप्त व्यक्तिको पद, नाम र दस्तखतः    (१)

(२)

निक्षेपसँग सम्बन्धित ट्रेडरको नामः

टेलिफोन नं.:

**अनुसूची-२**

# नेपाल राष्ट्र बैंक
## राष्ट्र ऋण व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय, काठमाडौं
फोन:४४१९८०५, Ext No: २२२
फ्याक्स: ४४१२३०६
Email: pdm@nrb.org.np
Website: www.nrb.org.np
पोष्ट बक्स: १०५५

पत्रसंख्याः राऋव्‍टे .........⁄ ... ⁄...

मितिः २०...⁄...⁄...

श्री ...........................................

**सि.नं. .............**

**विषयः <u>निक्षेप संकलनको Advice ।</u>**

महाशय,

यस बैंकको पहलमा खुला बजार कारोबार संचालन समितिको मिति २०....⁄...⁄... को निर्णयबमोजिम आव्हान गरिएको रु. ..... करोडको निक्षेप संकलन बोलकबोल अनुसार त्यस बैंकको तपसील अनुसारको निक्षेप स्वीकार गरिएको छ ।

**<u>तपसिल</u>**

१. अवधि : ... ...

२. निक्षेप संकलन मिति : २०....⁄...⁄...

३. भुक्तानी मिति : २०....⁄...⁄...

४. साँवा रकम : रु. ....... करोड

५. ब्याज रकम : रु. ............

६. शर्त तथा सुविधा : (क) यो Advice भुक्तानी मिति अगावै निखन्ने गरी यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थामा धितोको रूपमा प्रयोग गर्न सकिने छ ।

(ख) भुक्तानी मितिका दिन त्यस बैंकको खातामा उपरोक्तानुसारको साँवा तथा ब्याज रकम जम्मा भए पछि यो Advice स्वतः रद्द हुनेछ ।

भवदीय,

कार्यकारी निर्देशक